# लैङ्गिक तथा यौनिक अल्पसंख्यकको दृष्टिकोण बाट
# राष्ट्रिय बालबालिका  नीति २०८० को समीक्षा

## विषय सूचि

क. परिचय ....................................................2

ख. उद्देश्य....................................................2

ग. सारांश ....................................................2

घ. लैङ्गिक तथा यौनिक अल्पसंख्यक समावेशीकरणका लागि भएका सकारात्मक प्रयासहरू ..........................3

ङ. सुधारका क्षेत्रहरू ....................................................4 -13

- लैङ्गिक तथा यौनिक अल्पसंख्यक समावेशीता
- भेदभावविरुद्ध लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाका लागि संरक्षण सुदृढीकरण
- शिक्षा
- स्वास्थ्य र आरोग्य

**क. परिचयः**

राष्ट्रिय बाल नीति २०८० सँगै नेपालले बालबालिकाको अधिकार संरक्षण र सम्बर्धन गर्न महत्वपूर्ण फड्को मारेको छ । यस नीतिले बाल विकास, स्वास्थ्य सेवा, शिक्षा, सहभागिता र संरक्षणका विभिन्न पक्षहरूलाई समेट्ने रूपरेखा तयार पारेको छ । राज्यको यस महत्वपूर्ण कदमलाई स्विकारि रहँदा अर्को एउटा महत्वपूर्ण पक्ष लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायकाका बालबालिकाले भोगिरहेका फरक आवश्यकता र चुनौतीहरूको सम्बोधनको सम्बन्धमा यस नीतिको प्रभावकारिता माथि सुक्ष्म विश्लेषणको आवश्यकता देखिन्छ ।

बाल अधिकारसम्बन्धी बहस विश्वव्यापी रूपमा फराकिलो हुँदै गइरहेको छ । जसले कुनै पनि बालबालिकाहरूको यौन अभिमुखीकरण, लैङ्गिक पहिचान तथा प्रस्तुति र यौन विशेषताहरूको आधारमा विभेद नगरी उनीहरूको संरक्षणका निम्ति समावेशी नीतिहरूको आवश्यकतालाई जोड दिइरहेको छ। नेपालमा पनि लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाहरूले अनुभव गरेका पृथक जोखिमहरूको बारेमा छलफलको सुरुवात हुदै गएको छ । अधिकांश लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्तिहरूले थप सामाजिक बहिष्करण, परिवार र समुदायमा हुने भेदभाव लगायत शिक्षा र स्वास्थ्य सेवाहरूमा सीमित पहुँचको सामना गरिरहेका सरोकारहरू विभिन्न अध्ययनहरूले देखाएका छन् ।

राष्ट्रिय बालबालिका  नीति २०८० ले बाल संरक्षणको आवश्यकतालाई स्वीकार गर्दछ तर लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाका बृहत सरोकारहरू सुनिश्चित गर्ने सम्बन्धमा भने यस नीतिको गहन विश्लेषण जरुरी छ ।

**ख. उद्देश्यः**

१. नेपालमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाहरूले भोगिरहेका विशेष आवश्यकता र चुनौतीहरूलाई सम्बोधन गर्ने सम्बन्धमा राष्ट्रिय बालबालिका  नीति २०८० को सबल पक्ष र सिमितता को विश्लेषण गर्ने ।

२. नेपालको विद्यमान कानुनी स्वरुप, बालबालिका र यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मानव अधिकार संयन्त्रसँगको सम्बन्ध तथा निकटताको सम्बन्धमा यस नीतिको मूल्याङ्कन गर्ने ।

३ लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाको हित र संरक्षणका लागि  राष्ट्रिय बालबालिका  नीति २०८० को प्रभावकारी रूपमा प्रबद्र्धन तथा  सुनिश्चित गर्न, लक्षित कार्यक्रम र नीति परिमार्जनका लागि सुझावहरू प्रदान गर्ने ।

**ग. कार्यकारी सारांशः**

१. सीमित मान्यताः नीतिले लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाहरूलाई स्पष्ट रूपमा उल्लेख गरेको देखिदैन। सम्भवतः तिनीहरूको विशेष आवश्यकता र अनुभवहरूलाई बेवास्ता गरेको छ ।

२. अपर्याप्त सुरक्षाहरूः दुर्व्यवहार, सामाजिक बहिष्करण र रूपान्तरण थेरापी (Conversion Therapy) को सम्भावित जोखिम जस्ता फरक खालका चुनौतिहरू सम्बोधन गर्ने संयन्त्रहरू यस नीतिमा अपरिभाषित छन् ।

३. शैक्षिक र स्वास्थ्य सेवामा पहुँचः नीतिमा समावेशी शिक्षा, वातावरण र स्वास्थ्य सेवाहरूमा सहभागिता र पहुँच सुनिश्चितताका सम्बन्धमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाका विशेष आवश्यकताहरू पूरा गर्ने ठोस उपायहरूको अभाव छ ।

यी सिमितताहरूलाई सम्बोधन गर्न नीतिगत स्वरुपभित्र विशेष प्रावधानहरू समावेश गर्न आवश्यक छ ।
क. स्पष्ट समावेशिता: नीतिले लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाको अस्तित्व र कानूनअन्तर्गत समान संरक्षणको अधिकारलाई स्पष्ट रूपमा स्वीकार गर्नुपर्छ ।

ख. बिभेद बिरुद्धका पहलहरू: विद्यालय र समुदायस्तर मा यौन अभिमुखीकरण , लैङ्गिक पहिचान तथा प्रस्तुति र यौन बिशेषतामा आधारित दुर्व्यबहार र भेदभावविरुद्ध लड्न ठोस कदमहरू आवश्यक हुन्छन् ।

ग. समावेशी शिक्षाको प्रवर्धन: लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका मुद्दाहरूप्रति संवेदनशीलता र त्यसको बुझाइलाई प्रवर्धन गर्ने शिक्षक प्रशिक्षण कार्यक्रमहरू आवश्यक पर्दछ ।

घ. स्वास्थ्य सेवामा पहुँचः मानसिक स्वास्थ्य सेवासहित लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाका विशेष आवश्यकताहरू पूरा गर्ने स्वास्थ्य सेवाहरूमा सहज पहुँच सुनिश्चित गर्नु महत्वपूर्ण हुन्छ ।

**घ. लैङ्गिक तथा यौनिक अल्पसंख्यक समावेशीकरणतर्फ सकारात्मक पहलहरू:**
१. बाल संरक्षणका बृहत उपायहरूः नीतिले शिक्षा, स्वास्थ्य सेवा र कानुनी सहायता (रणनीति ११.१ र कार्यनीति १२.१.५) मा पहुँच जस्ता विभिन्न पक्षहरूलाई समेटेर बाल संरक्षणको लागि एक बृहत स्वरुप दिएको छ । लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाहरूलाई स्पष्ट रूपमा लक्षित नगरिएको भयता पनि समग्र बाल संरक्षणको अवस्था सुधार गर्दा उनीहरूलाई समेत अप्रत्यक्ष रूपमा फाइदा पुग्न सक्छ ।
क. उदाहरणः कार्यनीति १२.४.८ ले सबै बालबालिकाका लागि शिक्षा, स्वास्थ्य सेवा र पोषण जस्ता आधारभूत सुविधाहरूमा पहुँच सुनिश्चित गर्नमा जोड दिन्छ । यसको बृहत दृष्टिकोणले परिवार वा समुदायमा विभेद भोगिरहेका लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाहरूको आवश्यक सेवाहरूमा अप्रत्यक्ष रूपमा मद्दत गर्न पुर्याउन सक्छ।

२. हानिकारक अभ्यास/प्रथाहरूलाई सम्बोधन गर्नमा जोडः नीतिले बालविवाह जस्ता हानिकारक परम्परागत प्रथाहरूलाई उन्मूलन गर्ने लक्ष्य राखेको छ (कार्यनीति १२.३.१, १२.३.५)। यसले अप्रत्यक्ष रूपमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाहरू लाई सुरक्षित गर्न सक्छ ।
क. खण्ड १२.३.२ मा हानिकारक परम्परागत अभ्यासहरूका कारण जोखिममा परेका बालबालिकाहरूलाई संरक्षण गर्ने भन्ने उल्लेख भएकाले लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाहरूको यौन अभिमुखीकरण, लैङ्गिक पहिचान तथा प्रस्तुति र यौन विशेषताहरू समाजले अपेक्षा र निर्धारण गरे अनुरूप नहुँदा दबाब दिई विवाह गराउने अभ्यासलाई पनि सम्बोधन गर्न सक्छ ।

ख. खण्ड १२.३.९ ले बालविवाह गर्ने वा प्रोत्साहन गर्नेहरूलाई अपराधी बनाउँछ । यसले त्यस्ता अभ्यासलाई रोक्न र लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाहरूलाई त्यस्ता बाध्यात्मक बन्धनबाट जोगाउन मद्दत गर्छ ।

३. सरोकारवालाहरूको परिचालनः यस नीतिले स्थानीय समुदायहरू सहित विभिन्न सरोकारवालाहरूसँगको सहकार्यलाई जोड दिन्छ (खण्ड १२.४.१, १२.५.६) । यसले लैङ्गिक तथा यौनिक अल्पसंख्यकका अधिकारका लागि कार्यरत सघसंस्थाहरूको संलग्नताको लागि संभावित ढोकाहरू खोल्छ ।

क. खण्ड १२.४.१ ले बाल संरक्षण पहलकदमीका लागि सामाजिक अगुवा , समुदायमा आधारित संस्थाहरू र सञ्जालहरूको परिचालनलाई प्रोत्साहन गर्दछ । लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाका विशेष आवश्यकताहरूको पैरवी गर्न र नीति निर्माण र कार्यान्वयनको क्रममा उनीहरूको आवाज सुनिएको सुनिश्चित गर्न लैङ्गिक तथा यौनिक अल्पसंख्यकका अधिकारमा कार्यरत संस्थाहरूलाई यस सञ्जाल मा समावेश गर्न सकिन्छ ।

**ङ. सुधारका क्षेत्रहरूः**

वि.सं. २०७२ मा जारी नेपालको संविधान र नेपाल पक्षराष्ट्र भएका विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूमा लैगिक तथा यौनिक अल्पसंख्यक बालबालिकाका अधिकारहरू भेट्न सकिन्छ । उदाहरणका लागि, राष्ट्रिय बालबालिका नीति २०८० मा लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकालाई समावेश गर्ने स्रोत सामाग्री नेपालको संविधानको धारा १८ ले प्रदान गरेको समानताको हक र धारा ४२ सामाजिक न्यायको हकले "लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्तिहरूको अधिकार सुनिश्चित गरेको छ । यसबाहेक, बाल अधिकार समितिको समापन टिप्पणी[1] ले पक्षराष्ट्रको रूपमा नेपाललाई दिएको सिफारिसमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिका को अधिकारलाई पनि समेटेको छ ।

यसै गरि , लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाका पृथक चुनौतीहरूलाई सम्बोधन गर्नका निम्ति नीतिका साथ् साथै प्रभावकारी कार्यान्वयन को आवश्यकता हुन्छ । अन्तत: यी सुझावहरूले लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाको जीवनस्तरमा मात्र नभई सामान्यतया सबै बालबालिकाहरूका जीवनस्तरमा सहयोग पुरयाउँछ।

**१. लैङ्गिक तथा यौनिक अल्पख्यक समावेशीता**

नीतिमा 'लैङ्गिक तथा यौनिक अल्पसंख्यकका विशिष्टकृत शब्दावली तथा परिभाषा स्पष्ट रुपमा उल्लेख नै गरिएको छैन । जसकारण, उनीहरूका विशेष आवश्यकताहरूलाई प्रत्यक्ष रूपमा सम्बोधन गर्न बाधा पुग्ने देखिन्छ।यसका साथै, यस नीतिको मस्यौदा उपर हामीले पेश गरेका सुझावहरूमा[2] लैगिक तथा यौनिक अल्पसंख्यकका पहिचानहरूको समावेशिता भाषामा मात्र जोड दिनु नभई लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाहरूले सामना गरिरहेका चुनौतीहरूलाई सम्बोधन गर्नु पनि हो।

उदाहरणको रूपमा, हामी यस नीतिको वर्तमान स्थिति अन्तर्गत को तेस्रो र चौथो अनुच्छेदलाई लिन सक्छौं । उक्त अनुच्छेदले बालबालिको शिक्षा र बाल श्रम सम्बन्धी तथ्याङ्कको उजागर गर्दछ ।

*"शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको स्थिति प्रतिवेदन (फ्लास–१) २०७९ अनुसार आधारभूत तह (कक्षा १–८) मा बालबालिकाको खुद भर्ना दर ९६.१ प्रतिशत र माध्यमिक तहमा (ग्रेड ९–१२) मा ५७.४ प्रतिशत पुगेको छ । आधारभूत तहदेखि माध्यमिक तहसम्म बालक र बालिकाको भर्ना अनुपात समदरमा पुगेको छ । बालबालिकालाई पूर्वप्राथमिकदेखि उच्च माध्यमिक शिक्षा प्रदान गर्न ३६०३२ विद्यालय (२७ हजार ३४३ सामुदायिक, ८६८९ संस्थागत) सञ्चालनमा रहेका छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार १८ वर्ष मुनिका बालबालिकाको संख्या ९८,६९,५८३ रहेको छ, जुन कुल जनसंख्याको ३३.८४ प्रतिशत हो । कुल बालबालिकामा बालक र बालिकाको अनुपात क्रमशः ५१.८ प्रतिशत र ४८.२ प्रतिशत रहेको छ । केन्द्रीय तथ्यांक विभागले गरेको नेपाल श्रमशक्ति सर्वेक्षण २०७६ अनुसार १७ वर्ष मुनिका २ लाख ८६ हजार बालबालिका श्रममा संलग्न रहेको पाइएको छ भने नेपाल बाल श्रम प्रतिवेदन २०२१ अनुसार*

[1] समापन अवलोकन, CRC/C/NPL/CO/3-5, 3 June 2016: Nepal
https://database.ilga.org/api/downloader/download/3/en-CRC_C_NPL_CO_3-5.pdf

[2] अनुसूची १ हेर्नुहोस्

*करिब ५ देखि १७ वर्ष उमेर समूहका ११ लाख बालबालिका कुनै न कुनै श्रममा संलग्न छन् । बाल श्रमिकको संख्या क्रमशः घट्दै गएको देखिन्छ । पाँच वर्षमुनिका बालबालिकाको जन्मदर ७४ प्रतिशत पुगेको छ ।*[3]

उल्लेखित तथ्यांक यो महत्वपुर्ण हुँदा हुदै पनि, यसमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक विशिष्टिकृत दृष्टिकोणको अभाव छः
क. तथ्याङ्क अभाव : प्रतिवेदनले लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाहरूको भर्ना दर वा बालश्रम को तथ्यांक उल्लेख गरेको छैन ।

ख. पहिचान को मुद्दा तथ्यांकले बालबालिकाहरूलाई द्वय- सांख्यिक लिङ्ग र लैङ्गिक पहिचान (बालक र बालिका ) द्वारा मात्र बर्गिकरण गर्दछ यसले उक्त द्वय-सांख्यिक लिङ्ग र लैङ्गिकता भन्दा बाहेक जस्तै अन्तरलिङ्गी बालबालिकाहरू लाइ बेवास्ता गरेको छ ।

ग. भेदभावको जोखिमः लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाहरूले शिक्षा प्रणालीभित्र भित्रै भेदभावको सामना गर्दछन र सामाजिक पूर्वाग्रहका कारण बाल श्रमको जोखिममा बढी पर्न सक्छन् ।

तथ्याङ्कको अभाव र पहिचान को मुद्दा सन्दर्भमा, हामीले लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाहरूको दृष्टिकोण बाट हेर्दा अन्तरलिङ्गी बालबालिकाहरू को पहिचान लाई स्वीकार गर्नुपर्छ । नीतिले उपलब्ध तथ्याङ्क समावेश गरिरहँदा द्वय सांख्यिक लैङ्गिक पहिचान मा आधरित अनुसन्धानमा मात्र भर पर्नुहुँदैन । द्वय सांख्यिक आधारमा मात्रै अध्ययन अनुसन्धान हुने गरेको भएता पनि हामीले लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाहरूका मुद्दाहरूलाई यस नीतिमा समाबेश र सम्बोधन गर्न सक्दछौं यद्यपि हाम्रा अध्ययन अनुसन्धानहरू बढी समावेशी हुन आवश्यक छ ।

यसले हामीलाई तेस्रो बिन्दुसम्म ल्याउँछ अर्थात हामीसँग ठोस अनुसन्धानको मात्रात्मक तथ्याङ्क नहुँदा पनि कसरी नीतिमा सामाजिक वास्तविकताहरू समावेश गर्न सक्षम हुने भन्नेसम्म । धेरै उपाख्यानात्मक प्रमाणहरूले लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाहरू आफ्ना परिवारबाट बहिष्कृत हुने सबैभन्दा बढी जोखिममा रहेको देखाएको छ वा आफ्ना यौन झुकाव, लैङ्गिक पहिचान र यौन विशेषताहरूको कारणले आफ्ना परिवारबाट भाग्ने निष्कर्षमा पुग्छन् । त्यसैले, जब हामी बाल श्रमको बारेमा कुरा गर्छौं, यसमा लैङ्गिक तथा यौनिक अल्संख्यक बालबालिकाको कहालीलाग्दो संलग्नता लगायत जात र गरिबी जस्ता अन्य थुप्रै अन्तरसम्बद्धताहरू उल्लेख गरिनु महत्वपूर्ण हुन्छ ।

लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाहरूका बारेमा अपर्याप्त तथ्यांक हुँदा यस नीतिको वर्तमान स्थिति खण्डमा उनीहरूका बिषयनै उल्लेख भएको छैन जस कारण नीति, रणनीति कार्यनीति मा समेत उचित सम्बोधन गर्न न सकिएको तर्क उजागर हुन सक्दछ । यद्यपि बिभिन्न अध्ययनहरूमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिका हरूले आफ्ना यौन झुकाव, लैङ्गिक पहिचान र यौन विशेषताहरूकै कारण परिवार बाट अलग्याइने र विभेद सहन नसकी स्वयं परिवार बाट भागेर जाने पाइएको छ । उदाहरणका लागि,जब हामी बालश्रमको बारेमा कुराकानी गर्छौं त्यतिबेला लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाको संलग्नताका बारेमा पनि उल्लेख गरिनु पर्दछ । यसरि उल्लेख गरिरहँदा उनीहरू भित्रका अन्तरसम्बद्धताहरू जस्तै जात, आर्थिक अवस्था, भूगोल, क्षेत्र, भाषा आदि लाई समेत विचार पुर्याउनु पर्दछ ।

[3] राष्ट्रिय बालबालिका नीति, २०२८ (अनौपचारिक अनुवाद)

निम्न उल्लेखित बुंदाहरू मार्फत यस नीतिलाई थप समावेशी बनाउन सकिन्छ:
१. खण्डीकृत तथ्याङ्क[4] : विद्यालय भर्ना र बाल श्रममा रहेका बालबालिकाहरूको तथ्याङ्क सङ्कलन गर्दा लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाको पहिचान समावेश गर्नका लागि पैरवी गरिनुपर्छ – विशेषगरी लैङ्गिक पहिचान को आधारमा (पारालैङ्गिक गैर द्वय सांख्यिक पहिचान भएका बालबालिका) र यौन विशेषताहरू (अन्तरलिङ्गी बालबालिका) सँग सम्बन्धित ।

२. समावेशी भाषाः द्वय सांख्यिक र लिङ्ग र लैङ्गिकता (बालक/बालिका) मा मात्र आधारित नभई विविध पहिचानहरूलाई समाबेश गर्नुपर्छ ।
क (जस्तै रणनीति ११.३ अन्तर्गत कार्यनीति नं. १२.३.११ मा भाषा परिमार्जन गर्ने, धर्मपुत्री र धर्मपुत्रभन्दा बढी समावेशी शब्द 'धर्मसन्तान' हुनेछ ।)

३. भेदभावलाई सम्बोधनः घरपरिवार, समुदाय र विद्यालय लगायत सार्वजनिक स्थानहरूमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाहरू विरुद्ध हुने विभेद र सम्भावित बाल श्रम को जोखिम बाट जोगाउन आवश्यक पहलहरू समावेश गर्नुपर्छ ।

४. लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाहरू माथि हुने सामाजिक विभेद र लाञ्छना का कारण शिक्षा, स्वास्थ्य सेवा, सहभागिता लगायतका अधिकारको पहुँचबाट बन्चितिकरण भइरहेको कुरालाई स्वीकार गर्दै नीतिले यथोचित सम्बोधन गर्नुपर्छ ।

५. नीतिले लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाहरूका लागि विद्यालयमा सुरक्षित वातावरण र भेदभाव बिरुद्धका उपायहरू प्रबद्र्धन गर्ने पहलहरू उल्लेख गर्नुपर्छ ।

६. यौनिक तथा लैङ्गिक अल्पसंख्यक बालबालिकाहरूको शिक्षा, स्वास्थ्य सेवा, सहभागिता, बाल श्रम लगायत को अवस्था माथि भएका अध्ययन र अनुसन्धान हरूलाई समाबेश गर्नु पर्दछ ।

७. नेपाल सरकार तथा गैह्र सरकारी संस्था हरूले बालबालिकाहरूका बिषयमा गर्ने अध्ययन अनुसन्धानहरू लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाहरूको वृद्धि विकास, संरक्षण र सहभागितामा केन्द्रित हुनु पर्दछ ।

यस नीति लाई कसरी थप समावेशी बनाउन सकिन्छ भन्ने केही उदाहरणहरू यहाँ प्रस्तुत गरिएको छ :

क. खण्ड ११.१ : "प्रत्येक बालबालिकाको मौलिक अधिकारहरू पूरा गर्न" भनेर नीतिको उद्देश्य उल्लेख गरिएको छ । "यी अधिकारहरू तिनीहरूको यौन अभिमुखीकरण, लैङ्गिक पहिचान तथा प्रस्तुति र यौन विशेषताहरू जुनसुकै भएता पनि सबै बालबालिकाहरूमा लागू हुन्छन्" भनी निर्दिष्ट गरेर यो उद्देश्यलाई थप बलियो बनाउन सकिन्छ ।

[4] जब हामी लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाको सामूहिक तथ्याङ्क को बारेमा कुरा गर्छौं, हामीले उनीहरूको गोपनीयताको अधिकारलाई सुरक्षित गर्ने संयन्त्र पनि सुनिश्चित गर्नुपर्छ।
त्यसै गरी, हामी यो स्वीकार गर्छौं कि सबै बालबालिकालाई उनीहरूको लिङ्ग र यौनिकताको बारेमा सचेत वा व्यापक विचार नहुन सक्छ, त्यसैले पाठ्यक्रममा यी कुराहरू समावेश गर्नु महत्त्वपूर्ण छ। यौन झुकावको सन्दर्भमा तथ्याङ्क सङ्कलन गर्नुपर्छ भन्ने सल्लाह दिँदैन, तर त्यसका कारणले हुने भेदभावलाई समावेश गर्नुपर्छ।

ख. रणनीति ११.५ को  कार्यनीति धारा १२.३  मा बालविवाह (१२.३.१) जस्ता हानिकारक प्रथाहरूलाई उन्मूलन गर्ने लक्ष्य राखिएको छ । यो बुँदामा द्वय सांखिक  सामाजिक अपेक्षाका कारण बिबाह गर्न दबाबमा परेका बालबालिकाहरूलाई पनि संरक्षण गर्ने भनि उल्लेख गरेर यस नीतिलाई थप प्रभावकारी  बनाउन सकिन्छ ।

ग. कार्यनीति १२.५.३ शिक्षामा पहुँच सुधार गर्नमा केन्द्रीत छ । लैङ्गिक तथा यौनिक अल्पसंख्यक विद्यार्थीहरूले विभेदका कारण भोग्ने चुनौतीलाई सम्बोधन गर्दै  समाबेशी बिद्यालय वातावरण लाई प्रवर्धन गर्ने कुरा उल्लेख गरि यस बुँदा लाई सुधार गर्न सकिन्छ।

घ. यस नीतिको कार्यान्वयन, समन्वय  र अनुगमनका लागि संस्थागत संरचना अन्तर गत १४.१: राष्ट्रिय निर्देशक समितिको परिकल्पना गरिएको छ । यस संरचनालाई थप समाबेशी र जिम्मेवार बनाउन समितिको सदस्यहरूमा लैङ्गिक तथा यौनिक अल्पसंख्यकका अधिकारका लागि कार्यरत उनीहरूले नै नेतृत्व गरेका संस्थाहरूका प्रतिनिधिहरूलाई   समावेश गर्ने गरि नीतिको संसोधन गर्न सकिन्छ । नीति तर्जुमा र कार्यान्वयनमा उनीहरूको समाबेशिताले लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिहरूका मुद्दाको सम्बोधन र विचारको सुनुवाई सुनिश्चितता हुनेछ ।

थप सुझावहरू:

- यस नीतिको कार्यान्वयन गर्नका लागि जिम्मेवार सरोकारवालाहरूको बुझाईमा स्पष्टता ल्याउन 'यौन अभिमुखीकरण, लैङ्गिक पहिचान तथा प्रस्तुति, र यौन विशेषताहरू जस्ता शब्दावलीहरूलाई स्पष्ट रूपमा परिभाषित गर्न यस नीतिमा छुट्टै परिभाषा खण्ड समावेश गरियोस् ।
- लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्तिहरूको पहिचान र उनीहरूले सामना गर्ने चुनौतिहरूको बारेमा सरोकारवालाहरू जस्तै: शिक्षक, सामाजिक कार्यकर्ता र नीति निर्माता जस्ता अधिकारीहरूको बुझाइमा बृद्धि गर्नका प्रशिक्षण कार्यक्रमहरू आयोजना गरियोस् ।

## २. लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाहरू माथि हुने भेदभाव अन्त्यका लागि संरक्षण प्रणालीको सुदृढीकरण :

राष्ट्रिय बालबालिका नीतिले सबै बालबालिकाको हकहितको संरक्षण गर्न महत्वपूर्ण भूमिका खेल्छ । यद्यपि, यस नीतिमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाहरूले भोगिरहेका खास जोखिमहरू लाई सम्बोधन गर्ने स्पष्ट उपायहरू समावेश भएका छैनन् । यस्ता असमावेशिता तथा बहिष्करणले उनीहरूलाई थप विभेदको जोखिममा पार्नका  साथै मौलिक अधिकारको उपभोग गर्न बाधा पुर्‍याउँछ ।

क. भेदभाव बिरुद्धका  उपायहरूको सुदृढता: यौन अभिमुखीकरण  र लैङ्गिक पहिचान तथा प्रस्तुति र यौन बिशेषतामा आधारित भेदभावलाई प्रष्ट रूपमा निषेध गर्ने स्पष्ट बुँदा हरू समाबेश गरि नीतिलाई समाबेशी र बृहत बनाउनुपर्छ । यसरि संसोधन गरिंदा नीतिले ओगट्ने  सबै क्षेत्रहरू (शिक्षा, स्वास्थ्य र सामाजिक सेवाहरू)लाई समेट्नु  पर्दछ।

उदाहरणः  कार्यनीति  १२.५.३ (शिक्षामा पहुँच) लाई परिमार्जन गरिंदा  स्पष्ट रूपमा "प्रत्येक  बालबालिकाको  यौन अभिमुखीकरण, लैङ्गिक पहिचान तथा प्रस्तुति र यौन विशेषता का आधारमा हुने   का कारण हुने यौन अभिमुखीकरण, लैङ्गिक पहिचान तथा प्रस्तुति र यौन बिशेषता भेदभाव र उत्पीडनमुक्त, सुरक्षित र समावेशी सिकाइ वातावरणमा शिक्षा पाउने अधिकार छ  भनेर उल्लेख गर्न सकिन्छ  । स्वास्थ्य सेवा र अन्य अत्यावश्यक सेवासम्बन्धी खण्डहरूमा पनि यसरि नै  संशोधनहरू गरिनुपर्छ ।

ख. पहुँचयोग्य उजुरी संयन्त्रहरूको स्थापनाः लैङ्गिक तथा यौनिक अल्पसंख्यक  बालबालिकाहरूलाई सशक्त बनाउन नीतिले पहुँचयोग्य उजुरी संयन्त्र  स्थापना गर्नुपर्छ, जस मार्फत ती बालबालिकाहरूले आफ्ना भोगाइ तथा अनुभवहरू सुनाउन सकुन । जसअन्तर्गतः
१. लैङ्गिक तथा यौनिक अल्पसंख्यक  बालबालिका लक्षित हटलाइन नम्बरहरू वा अनलाइन उजुरी  प्रणालीहरूको लागू गर्ने ।
२. उनीहरू लैङ्गिक तथा यौनिक अल्पसंख्यकमाथि हुनु भेदभावसम्बन्धी गुनासोहरू सम्बोधन गर्न  विद्यालय, स्वास्थ्य संस्था र बाल संरक्षण  संयन्त्रहरूको सुदृढीकरण गर्ने ।

ग. प्रभावकारी समाधानमा सुनिश्चितताः उजुरी  गरिएका घटनाहरूको छानबिनको लागि यस नीतिभित्र प्रक्रियाहरू स्पष्ट स्वरुप हुनुपर्छ । जस्मा यी प्रक्रिया सुनिश्चित गरिनुपर्छः
१. उजुरीहरूको हरू तत्काल  र निष्पक्ष छानबिन ।
२. गैर बिभेदिकरण प्राबधानहरू  उल्लङ्घन गरेको पाइएमा आरोपितहरूलाई घटनाको प्रकृति अनुसार अनुसाशनको कारबाही ।
३. भेदभावको मनोवैज्ञानिक प्रभावलाई सम्बोधन गर्न र पीडितहरूको मनोवल उच्च राख्न परामर्श लागायतका  अन्य सेवाहरूको प्रावधान ।

घ. सहयोगी वातावरणको विकासः
१. लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायले सामना गर्ने चुनौतीहरूलाई सम्बोधन गर्न विशेषज्ञता भएका संस्थाहरूसँग रणनीतिक सहकार्य ।
२. सरोकारवालाहरूको  नियमित क्षमता अभिवृद्धि । लागि उपयुक्त तालिम कार्यक्रमहरूको आयोजना र लागु गर्ने ।

यी कार्यक्रमहरूले लैङ्गिक तथा यौनिक अल्संख्यक र उनीहरूले भोगिरहेका चुनौतिहरूको बारेमा सचेतना जगाउनु पर्नेछ । जसमा :

- भेदभाव तथा दुर्ब्यबहारका घटनाहरू पहिचान गर्न,
- त्यसको को  उचित सम्बोधन  गर्न र
- घटनाहरूको संवेदनशीलता र समावेशीता लाई ध्यानमा राख्दै कारबाही प्रक्रिया अघि बढाउन सरोकार वालाहरूको  ज्ञान र सिपको को साथ सम्बोधन गर्न ।

### ३. शिक्षा

(बुँदा नं. १२.५.३) मा  राष्ट्रिय बालबालिका नीतिले सबै बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्नमा जोड दिन्छ । (बुँदा नं. १२.५.३) । यसले लैङ्गिक तथा  यौनिक अल्पसंख्यक विद्यार्थीहरूले सामना गरिरहेका खास र प्रायः अदृश्य चुनौतिहरूलाई सम्बोधन गर्न असफल भएको छ । यी बालबालिकाहरू यौन अभिमुखीकरण , लैङ्गिक पहिचान तथा प्रस्तुति र यौन बिशेषता को आधारमा हुने भेदभाव र बुलिङ्ग का कारण गर्दा  उनीहरूको प्रतिकूल सिकाइ वातावरण जस्तै शैक्षिक दक्षता,मानसिक स्वास्थ्य र समग्र विद्यालय समुदायभित्रको अपनत्व समेत लाइ प्रभाव पादर्छ ।
क. चुनौतीहरूको सम्बोधन सर्वप्रथम यस नीतिले लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाहरूले  समाजमा विभिन्न समस्या र चुनौतीहरूको सामना गरिरहेको कुरालाई स्वीकार गर्नु पर्दछ । उक्त स्वीकारोक्तीलाई यस नीतिका विभिन्न बुँदाहरूमा समावेश गर्न सकिन्छ । लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाहरूले भोगेका लाञ्छना  र

भेदभावका कारण उनीहरूले विद्यालय छाड्ने दर बढेको देखिन्छ तर यस विषयमा पर्याप्त अध्ययन तथा अनुसन्धानको कमी छ ।
उदाहरणका लागि, युएनडिपीद्वारा[5] सन् २०१४ मा गरिएको राष्ट्रिय अध्ययनले १६ प्रतिशत लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाहरू नेपालका विद्यालयहरूमा मौखिक दुव्र्यवहारको शिकार हुने गरेको देखाएको छ जसलाई सन् २०२३ मा युएन वुमनले[6] गरेको राष्ट्रिय सर्वेक्षणले पनि पुष्टी गर्दछ ।

ख. समावेशी विद्यालय वातावरणको प्रवर्द्धनः यो नीतिले भौतिक संरचनाको मात्र कुरा नगरी लैङ्गिक तथा यौनिक अल्पसंख्यक विद्यार्थीहरूका लागि समावेशी सिकाइ वातावरण सिर्जना गर्ने कुराको सुनिश्चितता गर्नु पर्दछ । जसमा निम्न बहु–आयामी कदमहरू चाल्न सकिन्छ:
१. यी नीतिहरूले विशेष गरी यौन अभिमुखीकरण , लैङ्गिक पहिचान तथा प्रस्तुति र यौन विशेषताहरूका आधारमा हुने भेदभाव,बुलिङर दुरव्र्यवहारलाई सम्बोधन गर्नुपर्छ । यसका लागि केवल प्रतिक्रियात्मक उपायहरू मात्र होइन क्रियाशीलतासम्मको परिवर्तन आवश्यक पर्छ ।
२.विद्यालयहरूले दुव्र्यवहार वा भेदभावका घटनाहरू को उजुरी गर्न विद्यार्थीहरूको लागि गोप्य र पहुँचयोग्य सुस्पष्ट गुनासो सुनुवाई संयन्त्रहरू स्थापना गर्नुपर्छ ।
३.घटनाहरूको पहिचान र प्रभावकारी रूपमा कार्यबाही गर्न कर्मचारीहरूको प्रशिक्षणमा लगानी गर्नुपर्छ । त्यस्ता तालिमले शिक्षकहरूलाई डी–एस्केलेसन (शारीरिक बल प्रयोग नगरीकन वा नभड्किने तरिकाबाट घट्ना व्यवस्थापन गरिने सृजनशीलता ) प्रविधि, खुला सञ्चारको प्रवर्धन र पीडकका लागि उपयुक्त सजाय आदि कार्यान्वयन गर्ने जस्ता सीपहरू प्रदान गर्नुपर्छ ।
४. विद्यार्थीहरू माथि गरिने लैङ्गिक पोशाकहरूको अनिवार्यता र कडा आदेश लगायतका परम्परागत लैङ्गिक भूमिकाहरू हटाउनु पर्छ ।

ग. एकिकृत पाठ्यक्रम को प्रोत्साहनः यस नीतिले लैङ्गिक तथा यौनिक अल्पसंख्यक समावेशी एकिकृत पाठ्यक्रम सामग्रीहरूको लागि पैरवी गर्नुपर्छ ।
१. लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्तिहरूको बिषयमा संवेदनशीलता बढाउने उमेर अनुकुलका शैक्षिक सामग्रीहरू तयार गर्नु पर्दछ ।जसले गर्दा बिद्यार्थीहरूमा अनौपचारिक तवरबाटै स्पष्टता आउने र विविधतालाई स्वीकार्ने बानीको विकास हुन्छ ।
२. यसका निम्ति आफूलाई लैङ्गिक तथा यौनिक अल्पसंख्यक भनि पहिचान गर्ने व्यक्तित्वहरू, लैङ्गिक पहिचान र प्रस्तुतिका बिषय र बिबिधताको सम्मानको आवश्यकता जस्ता बिषय बस्तु समाबेश गर्न सकिन्छ ।

घ. शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने यस नीति २०८० ले शिक्षक र विद्यालय प्रशासन लाई तालिमको व्यवस्था गर्न पैरवी गर्नुपर्छ ।

[5] नेपालको यौन र लैङ्गिक अल्पसंख्यकहरूको सर्वेक्षणः एक समावेशी दृष्टिकोण : https://www.undp.org/asia-pacific/publications/surveying-nepals-sexual-and-gender-minorities-inclusive-approach

[6] कार्यको प्रमाणः नेपालमा लैङ्गिक अल्पसंख्यकहरूको विरुद्धको हिंसालाई सम्बोधन गर्दै : https://un.org.np/sites/default/files/doc_publication/2023-06/LGBTIQ%20Study%20Report-Final-web%20version-11%20June%202023%20evening.pdf

१. लैङ्गिक तथा यौनिक अल्पसंख्यक विद्यार्थीमाथि हुने दुव्र्यवहार र भेदभावका घटनाहरू पहिचान गर्न, सम्बोधन गर्न र रोक्नको लागि शिक्षकहरूलाई ज्ञान र सिपमा वृद्धि गर्नु आवश्यक हुन्छ । । यस्ता तालिमहरू सामान्य परिभाषा मात्र जानकारी दिने भन्दा माथि उठ्नु पर्छ ।
२. यस्ता तालिमले बालमैत्री र सुरक्षित वातावरण सिर्जना गर्नमा जोड दिनुपर्छ जहाँ विद्यार्थीहरूले ठिक बेठिक वा भेदभावको डर बिना आफ्नो पहिचान व्यक्त गर्न सहज महसुस गर्न सकून । यसले कक्षाकोठाभित्र खुला सञ्चारलाई प्रोत्साहन गर्ने, लैङ्गिक तथा यौनिक अल्पसंख्यक विद्यार्थीहरूका लागि सुरक्षित मञ्चको रूपमा लैङ्गिकता र यौनिकता सञ्जाल / क्लब ( GSAs)[7] निर्माण गर्ने र लैङ्गिक तथा यौनिक अल्पसंख्यकका अधिकारका लागि कार्यरत संस्थाहरूबाट अतिथि वक्ताहरूलाई निम्त्याउने कुरा समावेश गर्न सक्छ ।

थप सुझावहरू:
ङ. सहायता सेवाहरूः यस नीतिले लैङ्गिक तथा यौनिक अल्पसंख्यक विद्यार्थीहरूको विशेष आवश्यकताहरू पूरा गर्न विद्यालयहरूमा सहायता सेवाहरू स्थापना गर्न पैरवी गर्नुपर्छ । जसमा निम्न कुराहरू समावेश हुन सक्छन् :

१. परामर्श सेवाहरूः लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाहरूले सामना गर्ने खास चुनौतीहरू बुझ्न, सचेत दक्ष परामर्श दाताहरू हुँदा विद्यार्थीहरूले सहि र आवश्यक सहयोग तथा मार्गदर्शन प्राप्त गर्न सक्छन यी मनोसामाजिक परामर्श दाताहरू सँग विद्यालय प्रतिकूल वातावरणको कारण बालबालिकाहरूलाई आफ्नो पहिचान सहित समाजमा खुलेर आउँदा, सामाजिक लान्छना र विभेदको सामना गर्न, मानशिक स्वास्थ्यका सरोकारहरू सम्बोधन गर्नसक्ने सिप तथा ज्ञानत हुनुपर्छ। यहाँ, विद्यार्थीहरूको परिवार र अन्य साथीहरू बिचमा उनीहरूको गोपनीयताको अधिकार सुनिश्चित गरिनुपर्छ । लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाको गोपनीयताको सम्मान गर्ने कुरामा केन्द्रीत हुनुपर्नेमा जोड दिनुपर्छ । लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाहरू कहिले र कसरी आफ्नो परिवार वा अभिभावकहरूसँग खुल्छन् त्यो तिनीहरूकै रोजाइ हुनुपर्छ । कुनै बालबालिकाले मनोसामाजिक परामर्श दाता सँग मनको कुरा खोल्यो भन्दैमा उसले त्यो कुरा आफ्नो परिवारसँग पनि खोलेको छ र परिवारलाई बताउन सकिन्छ भन्ने अर्थ लगाइनु हुँदैन ।

२. साथी सहयोगी समूहः लैङ्गिक तथा यौनिक अल्पसंख्यक विद्यार्थीहरूले आफ्नो जस्तै अनुभव भएका साथीहरू संग भेटघाट गर्ने अवसरले आफु मात्र एक्लै नभएको महशुस गर्दछन जसले गर्दा उनुहरूको आत्मा विश्वासमा वृद्धि हुन्छ । विद्यालयले यस्ता सुरक्षित स्थानको निर्माणका लागि आवश्यक सहजीकरण गर्नु पर्दछ, जहाँ उनीहरू समान अनुभवहरू साझा गर्ने साथीहरूसँग घुलमिल हुन र सम्पर्कमा रहन सक्छन् । विद्यालयहरूले आफ्नै परिसर भित्र वा लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूका अधिकारका लागि कार्यरत संस्थाहरूसँगको सहकार्यमा यस्ता समूहहरूको गठन र परिचालन गर्न सक्छन ।

३. सहकार्य र अनुगमनः लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूका मुद्दाहरूलाई सम्बोधन गर्ने र विद्यालयमा 'समबुझाइ' र 'स्वीकार'लाई प्रबद्र्धन गर्ने, उमेर अनुकुल र समावेशी शैक्षिक सामग्रीहरू निर्माण गर्न शैक्षिक सामग्रीको संयुक्त विकासमा लैङ्गिक तथा यौनिक अल्पसंख्यकका अधिकारका लागि कार्यरत संघसंस्था हरूसँग साझेदारी र लैङ्गिक

[7] (GSAs) के हो? : https://gsanetwork.org/what-is-a-gsa/

तथा यौनिक अल्पसंख्यक समुदायहरूले भोगेका चुनौतीहरूलाई सम्बोधन गर्न विशेषज्ञता भएका संस्थाहरूसँगको सहकार्यलाई समावेश गर्न सकिन्छ ।

**४. स्वास्थ्य र आयोग :** यस नीतिले सबै बालबालिकाको हितलाई सुनिश्चित गर्नमा जोड दिएको छ । यद्यपि, यसले शारीरिक र मानसिक स्वास्थ्य दुवैको सन्दर्भमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाहरूले सामना गर्ने विशेष जोखिमलाई/ भने बेवास्ता गरेको छ ।
स्वास्थ्य सेवा प्रदायकहरूले सही वा गलत छुट्याउने कार्य वा पूर्वाग्रही भए का कारण लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाहरूले आवश्यक स्वास्थ्य सेवासुविधा लिने क्रममा अधिकांश बाधा अड्चनहरूको सामना गर्नु पर्छ । जसका कारण उनीहरूको उपचारमा ढिलाइ वा स्वास्थ्य सेवा सुविधाबाट बञ्चित हुन सक्छन् । लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाका विशेष स्वास्थ्य आवश्यकताका सम्बन्धमा स्वास्थ्य सेवाप्रदायक संस्था तथा व्यक्ति हरूमा जागरूकता र संवेदनशीलताको अभावका कारण गलत निदान वा पर्याप्त उपचार नहुन सक्छ ।
यसबाहेक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाहरू पूर्वाग्रह र सामाजिक बहिष्करणका कारण मानसिक स्वास्थ्य चुनौतीहरूको उच्च जोखिम मा छन् न् । जसका कारण उनीहरूलाई चिन्ता, तनाव, डिप्रेसन र एक्लोपनले सताउन सक्छ र सकारात्मक वातावरण र सहयोगी सम्बन्धहरूको सीमितताका कारण विद्यमान मानसिक स्वास्थ्य समस्याहरू झन् बढ्न सक्छन ।

**अन्तरलिङ्गी बालबालिकाका जन्मदर्ता पहिचानको आवश्यकतालाई सम्बोधनः**
यस नीतिले सबै किसिमका बालबालिकाको पहिचान तथा जन्मदर्ताको अधिकार हुन नसक्नु,यौनिक तथा लैङ्गिक अल्पसंख्यक बालबालिकाको पहिचान तथा खण्डीकृत तथ्यांक नहुनु भनेर समस्या तथा चुनौतीमा औल्याई सकेको अवस्था छ तर पनि अहिलेको बालबालिकाको जन्म दर्ता प्रक्रियामा जन्मको सूचना फारममा "अन्य" र जन्म दर्ताको को अनलाइन फारममा तेस्रोलिंगी भन्ने शब्द राखेर लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाको जन्म दर्ता गर्ने व्यवस्था गरेको छ तर यो प्राबधानले सरकारको आफ्नै दस्ताबेज र प्रक्रिया एक अर्कामा बाझिएको छ भने "अन्य तथा तेस्रोलिंगी" शब्दावलीको प्रयोग जन्म दर्ताको लागि सान्दर्भिक छैन । किनकि तेस्रोलिंगी शब्दको प्रयोग दक्षिण एसियामा महिला र पुरुष भन्दा फरक पहिचान गर्ने व्यक्तिको समुहलाई जनाउन प्रयोग गरिने शब्द हो भने । "अन्य" शब्द नेपाल सरकारको दस्ताबेज अनुसार यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरू लागि प्रयोग गरिने छाता शब्द हो । यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्ति अन्तरगत समलिंगी महिला (Lesbian), पुरुष समलिङ्गी (Gay), द्वी लिङ्गी (Bisexual) तेस्रोलिंगी (Transgender) र अन्तरलिंगी (Intersex) बिबिधता व्यक्तिहरू पर्दछन । तर नेपालको जन्मदर्ताको कानुनी प्रावधान अनुसार बच्चा जन्मेको ३५ दिन भित्र बच्चाको जन्मदर्ताको गरिसक्नु पर्ने प्रावधान छ । बच्चा जन्मेको ३५ दिन भित्र माथिका समुहमा अन्तरलिंगी बच्चा बाहेक कुनै पनि बच्चालाई समलिंगी महिला (Lesbian), पुरुष समलिङ्गी (Gay), द्वी लिङ्गी (Bisexual) तेस्रोलिंगी (Transgender) भनेर पहिचान गर्न सकिदैन त्यसैले जन्म दर्ताको प्रक्रियामा "अन्य" शब्दको प्रयोग गर्दा अन्तरलिङ्गी बच्चा वास्तविक पहिचान ओझेलमा पार्दछ । जुन नेपालको संबिधान २०७२ र बालबालिका सम्बन्धि ऐन २०७५ ले जन्मदर्ताको लागि व्यवस्था गरेको प्रावधानलाइ बेवास्ता गर्दछ । त्यसैले यस नीतिमा संबिधान २०७२ र बालबालिका सम्बन्धि ऐन २०७५ मा जन्मदर्ताका लागि गरेको प्रावधान "प्रत्येक बालबालिकाको जन्म पश्चात उसको नाम र पहिचानको अधिकार हुनेछ" भन्ने प्रावधानको कार्यान्वयनका लागि अन्तरलिङ्गी बालबालिका को जन्म दर्ता उनीहरूको पहिचान अन्तरलिंगीमा हुने साथै केहि अन्तरलिङ्गी बिबिधता किशोरावास्थामा देखा पर्ने जुन उनीहरूलाइ जन्मदा इंगित गरेको लिङ्ग/लैङ्गिकतामा उनीहरूको शारीरिक विकास तथा लैङ्गिक पहिचान मेल नखान सक्छ र पारलैङ्गिक बच्चा को लैङ्गिक पहिचान पनि उनीहरूलाई जन्मदा इंगित गरिएको लिङ्ग/ लैङ्गिकता अनुसार मेल खादैन त्यसैले ती अन्तरलिङ्गी बच्चा र पारलैङ्गिक बच्चाको उनीहरूको पहिचान

अनुसारको जन्मदर्ताको सुनिश्चितताका लागि उनीहरूलाई जन्मदा गरेका जन्म दर्ता सच्याउने व्यवस्था भएको भए संबिधान र ऐनको सहि कार्यन्वयन साथै जन्मदर्ता सम्बन्धि नेपाल सरकारको दिगो विकास लक्ष्य र सूचकहरूको मानकलाई समेत सहिपुष्टि गर्न टेवा मिल्थ्यो ।

क. पृथक चिकित्सकीय सरोकारहरूः अन्तरलिङ्गी व्यक्तिहरूसँग तिनीहरूको प्रजनन अंगहरूको बिकासको ढाँचा तथा गुणसुत्रको ढाँचामा भिन्नताहरू हुन्छन् जुन स्पष्ट पुरुष वा महिला शरीरका मापदण्डसंग मेल खादैनन् । यी विविधता भएका बालबालिकाहरू लाइ अरु बालबालिकाहरूका लागि तोकिएका मापदण्डहरूको तुलनामा विशेष स्वास्थ्य सेवा हरूको आवश्यकता पर्दछ ।
१. थप, अन्तरलिङ्गी बालबालिका माथि हुने यौनाङ्ग कर्तन ( असहमतिमा गरिने अनावश्यक चिकित्सा अभ्यास) निषेधित हुनुपर्छ । यो महिला यौनाङ्ग कर्तन (Female genital Mutilation) संग निकट छ जुन एकदमैहानिकारक छ ।

ख. प्रारम्भिक पहिचान र व्यवस्थापनः उपयुक्त स्वास्थ्य सेवाको सुनश्चित गर्न सुनिश्चित गर्न अन्तरलिङ्गी विविधताहरूको प्रारम्भिक पहिचान निकै महत्वपूर्ण हुन्छ । यसमा हर्मोनबाट वा शल्यक्रियाबाट गरिने उपचार पद्दतिहरू समावेश हुन सक्छन्, तर ध्यान दिनु पर्ने कुरा के छ भने यस्ता अभ्यासहरू बालबालिकाहरूको बढ्दो सक्षमतालाइ ध्यान दिदै सहमति दिन सक्ने उमेर पुगी सके पश्चातमात्र उनीहरूको सहमति लिएर यस्ता अभ्यास अघि बढाउन सकिन्छ । यस्ता अभ्यासहरूलाई अपनाउँदा उनीहरूको हित र शारीरिक स्वायत्ततालाई प्राथमिकता राखेर मात्र गरिनु पर्छ ।

ग. सूसुचित सहमति र निर्णयः अन्तरलिङ्गी बालबालिकाहरूमा गरिने जबरजस्ती र अनावश्यक चिकित्सकीय अभ्यासहरू/ तिनीहरूको शारीरिक स्वायत्तता र मानव अधिकारको गम्भीर उल्लङ्घन हो । स्वास्थ्य सेवा सम्बन्धी नीतिहरूले कुनै पनि चिकित्सकीय पद्दतिहरू उमेर–उपयुक्त छन् र सम्भावित जोखिम र फाइदाहरूको स्पष्ट बुझाइको साथ प्रस्तुत गरिन्छ भन्ने सुनिश्चित गर्दै पर्छ सूसुचित सहमतिलाई जोड दिनुपर्छ । चिकित्सकीय अभ्यास सम्बन्धी अन्तिम निर्णयको अधिकार बालबालिकासँगै रहन्छ। यस्ता अभ्यासहरू बालबालिकाहरूले कानुनी रुपमा सहमति दिन सक्ने वा परिपक्क हुँदा मात्र गर्नुपर्छ । यस नीतिले लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाका लागि थप स्वागतयोग्य र समावेशी स्वास्थ्य सेवा प्रणाली सिर्जना गर्ने उपायहरूको पैरवी गर्नुपर्छ । यस अन्तर्गतः

१. संवेदनशीलतासम्बन्धि प्रशिक्षणः डाक्टर, नर्सहरू र अन्य कर्मचारीहरूसहित स्वास्थ्य सेवा प्रदायकहरूका लागि अनिवार्य संवेदनशीलतासम्बन्धी प्रशिक्षणको आयोजना गर्नु पर्छ ।
यो प्रशिक्षणले निम्न कुराहरू सम्बोधन गर्नुपर्छः
क. लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूको पहिचान र शब्दावलीको बुझाइ ।
ख. लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाको विशेष स्वास्थ्यउपचारको आवश्यकताको पहिचान ।
ग. सांस्कृतिक पृष्ठभूमीलाई ध्यान दिँदै सम्मानजनक र गोपनीयता सहितको उपचार ।
२. समावेशी निर्देशिकाको निर्माणः लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाहरूसँग प्रभावकारी रूपमा अन्तरक्रिया र उपचार गर्ने सम्बन्धमा स्वास्थ्य सेवा प्रदायकहरूका लागि स्पष्ट कार्यविधि तथा निर्देशिका निर्माण गर्नु पर्दछ ।
जसले यी कुराहरू सम्बोधन गर्नुपर्छः
क. परम्परागत लैङ्गिक मान्यताका आधारमा बनाइएका धारणाहरूलाई हटाउनका लागि उपयुक्त सञ्चार विधिहरू ।
ख. लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिका र तिनीहरूका परिवारहरूको गोपनीयताको सुनिश्चितता ।
ग. समुदायभित्र उपलब्ध सेवा सुविधाका लागि स्रोत सामाग्री तथा संप्रेषणात्मक सेवाको व्यवस्था